# गोर्खाली सुधार सभा

मासिक समाचार पत्र
17 अप्रैल 1938
वर्ष -49 | अंक-19 | अगस्त 2020 | मूल्य ९/- | पृष्ठ १२



# लॉकडाउनको समयमा सभा द्वारा आयोजित केहि कार्यक्रमहरू




सभाको बैठक



...माज ...को निम्त अतुल्य भेंट,
San...taion Mcahine
समाज सेवी श्री राजन बस्नेत बाट
...ली सुधार सभाको
...न्ति, पदम थापा अध्यक्षलाई
सुम्पिदैं।



लै. कर्नल ... ...पा
'भानु पुरस्कार' द्वारा सम्मानित
सौजन्य अखिल भारतीय नेपाली भाषा समिति।



भानु जयन्ती समारोह: द्वीप
प्रज्वल्न समाजको दिग्गज
महानुभवहरु बाट

17 अप्रैल 1938

# गोर्खाली सुधार सभा

देहरादून

वर्ष -49, अगस्त 2020

**सम्पादक**
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

**विशेष सहयोग**
श्रीमती प्रभा शाह

**स्वामी/मुद्रक/प्रकाशक**
अध्यक्ष
गोर्खाली सुधार सभा


**मुख्य कार्यालय**
गोर्खाली सुधार सभा
परमवीर चक्र ले. क.धनसिंह थापा मार्ग
गढ़ी कैन्ट, देहरादून
फोन:0135-2756070
9897440879

**वितरक**
सभा शाखाध्यक्षहरू
डिजाइनिंग टाइप सेटिंग
अरूण कुमार गुरूंग
मार्डन कम्प्यूटर, चकराता रोड

**प्रकाशन कार्यालय**
भाष्कर प्रेस, कचहरी मार्ग
देहरादून, उत्तराखण्ड

नोट : पत्रिकामा प्रकाशित लेखहरूकोलागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून हुने छ।


## अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

महामारी आँउछ जान्छ, सत्य हो। इतिहासले बताइ रहेको छ यस महामारी विषयमा। बेसी टाढा नजाँउ पछिल्लो चार शताब्दी देखि आइ रहेको जानकारी सबैलाई विदितै छ।

सन् 1720, सन् 1820, सन 1920, सन् 2020

100 वर्षमा आउने यो महामारी आउँदो 100 वर्षमा न आउला भन्ने अनुमान लगाउन सकिन्न।

आज भन्दा हजारौं साल अघि देखि मानव सभ्यताले महामारीको प्रकोप झेल्दै आएको हो, र अहिले सम्म आफ्नु अस्तित्वको जगेड़ा  गर्दै आएको छ र भविष्यमा पनि यो प्रक्रिया दोहोरी रहने छ। समय आएको छ, महामारीलाई लापरवाई न गर्ने र आफ्नु दैनिक जीवनशैलीमा बदलाव जस्तै स्वच्छ पर्यावरण प्रति घर-घरमै जागरूकता ल्याउन पर्छ अनि पर्यावरणको रख रखाव, बचाव अनि प्राकृतिक सम्पदाको अनआवश्यक प्रयोग माथि पूर्ण नियंत्रण राख्नु पर्छ। स्वस्थ नै धन हो  भन्ने उक्तिलाई गम्भीरता पूर्वक लिनु पर्छ अनि यस प्रति सचेतता सानै उमेर देखि नै नानीहरूमा ल्याउन पर्छ। दिनोदिन बढ़दो प्रकोप देखि हताश हुन हुँदैन। यस सन्दर्भमा समाजको हरेक व्यक्तिले स्वस्वथतता, परिवार र समाजको स्वस्थता तथा स्वच्छतामा ध्यान दिनु पर्छ। घर बाँचे, गाँउ समाज तथा देश बाँच्छ। सामाजिक, सचेतनाले देश सुरक्षित बन्न सक्षम बन्छ।

धन्यवाद,

### सूचना

**गोर्खाली सुधार सभाको मासिक पत्रिकाको प्रकाशन, कोरोना वायरस कोविड-19 महामारीको कारण अंक-15 अप्रैल, 16-मई , 17-जून, 18-जुलाई को हुन सकेन। यस महिनाको प्रकाशित अंक अगस्त-19 मा कोविड सम्बन्धित सभाको कार्य विवरण दिएको छ।**

# महामंत्रीको कलमबाट

कोरोना वायरस् कोविड-19 हामीलाई बाँधी राखेको पाँच महिना पछि आंशिक रुपमा भए पनि सभाको कार्य शुरु गर्न लागेका छौं। यस वैश्विक महामारी सम्बन्धित सरकार द्वारा जारी गरिएको निर्देशलाई मध्य नजर राख्दै। लॉकडाउनको समय हाम्रो समुदाय तथा अन्य संघ-संस्था, प्रशासनिक विभाग, NGO, पुलिस इत्यादिको सम्पर्कमा रहेर स्थानीय तथा क्षेत्र स्तरमा यस महामारीको संघर्षमा सभाले आफ्नो योगदान पुर्याउँदै आइरहेको छ, जसले समाज र देश प्रति हाम्रो समर्पित भावनालाई दर्शाउँछ। यो महामारी विश्वमा एक ठूलो चुनौती हो, थाहा छैन अझै कति पछि, यसले हामीलाई लाने हो! देशको नेतृत्वले यस चुनौतीलाई अवसरमा बदलिएर "आत्मनिर्भर" बन्ने सन्देश दिएका छन् जस्ले देश, समाज र समुदायको निम्ति एक विकास र आत्मनिर्भरताको पथमा लाने छ। देशले यो वैश्विक महामारीको साथ प्राकृतिक आपदाको संकट झेल्नु पर्यो-Amphon, Locust Swarm invassion, Flood इत्यादि। छिमेकी राष्ट्र सित तनाव पनि चुनौती भन्दा कम थिएन यद्यपि, यो चुनौतीलाई अवसरमा बदलिएर धेरै समस्याहरुको समाधान बेरोकटोक भइ रहेको छ। हामीले पनि आफ्नो स्तरमा चुनौतीलाई अवसर मानी आफ्नो कामलाई अघि बडाउन पर्छ। e class बारे जानकारी र ज्ञान दिएर यस प्रति प्रोत्साहित गर्नु पर्छ साथै Virtual meeting द्वारा सम्पर्कमा रहेर समाजको समस्या समाधान र विकासको कार्यमा निरन्तर अघि बड्नु पर्छ, नत्र भने हामी पछयौडे नै रहने छौं। कोरोना वायरस् सित हामी अब बाँच्न सिक्न पर्छ। जिन्दगी कैदमा रहन सक्दैन, दिनचार्या शुरु गर्ने पर्छ, जीविका चलाउने पर्छ। यसको निम्ति परहेज, प्रतिबन्ध, जीवनशैली, कार्यप्रणाली, सामाजिक व्यवस्था या कुनै पनि वर्ताव होस्, अवश्यै परिवर्तन ल्याउन पर्छ ताकि यो क्रुर वायरसलाई हराउन सकौं चाहे समय नै किन नलागोस्। पर्यावरण, प्राकृतिक सम्पदा, वातावरण, खोला नाला, झार जंगल, जीव जन्तु प्रति संवेदनशील बन्नु पर्छ, सबैलाई जिउनको अधिकार छ। स्वच्छ वातावरणमा हाम्रो स्वस्थ लुकेको छ। वातावरणको रक्षा गरौं, यसलाई स्वच्छ राखौं। देशमा धेरै चुनौतीहरू छन्। हामी यी चुनौतीहरुको सामना आफ्नो स्तरमा गरि जित्न सक्यौं भने देशले यी चुनौतीरुलाई अवश्यै जित्ने छ। हामी सफल छौं त समाज सफल छ अनि समाज सफल छ त देश सफल छ। सफलतामा नै जोडिएको छ, हाम्रो विकास। हाम्रो सुदृढ़ता, हाम्रो एकता अनि अपार मजबूती।



श्री गोपाल क्षेत्री

# अध्यक्षज्यूको सादर निवेदन

आज विश्वव्यापी महामारी कोरोना वायरस-कोविड-19 को बेहद संकट एवं विपत्तिको सामना पूरा विश्वले गरि रहेको छ। गोर्खाली सुधार सभाले वर्षो देखि समाज, समुदाय साथै देशलाई कुनै पनि आपदा, संकट या महामारी आफ्नो यथा योग्य सहयोग पुर्याउँदै आइ रहेको छ। अनि यो महामारी अन्य अघिको महामारी तथा विश्व युद्ध भन्दा अझ खतरनाक हो अनि जसले पूरा विश्वलाई नै आफ्नो चपेट लिने छ भन्ने धारणा सत्य भई रहेको छ। यस अवस्थामा सभा बाट सबैले नै मदतको आकांक्षा राख्नु स्वभाविक हो, जसको निम्ति सभालाई सक्षम छैन। यद्यपि, 2015 को नेपालको भूकम्पमा पूरा समाजको उदारताले नेपालमा सभा द्वारा पुर्याएको सहायता कुन राष्ट्रको भन्दा कम थिएन। यस माथि कर्नल जीवन कुमार क्षेत्री, शाखा अध्यक्ष श्री जोगेन्द्र शाहज्यू, एवं श्री हरि प्रसाद गुरूंगज्यू, श्री तरुण गुरूंगज्यूको विचार बेहद सराहनीय छ। आज पनि समस्त समुदायको एकजुटताले सभा यस आपदामा प्रदेश एवं राष्ट्रीय स्तरमा सहायता पुर्याउनुको निम्ति समर्पित छ। यस विषयमा प्रत्यक्ष रूपमा बैठक हुन न सकेकोमा, गोर्खाली सुधार सभाको समस्त बुद्धिजीवी शाखाअध्यक्षज्यू समस्त सम्मानित समाजसेवी संघ संस्थाहरू एवं समस्त सम्मानित महानुभावजनहरू संग यो विनम्र अनुरोध Social Media द्वारा तपाईहरुको समक्ष पुन्याउने प्रयास छ। आफ्नो अमूल्य विचार एवं सहमतिको आशा राख्दु छ कि सभा यो हजूरहरूको उदारताको साथ यो मुश्किलको समयमा देश, राज्य, समाज र समुदाय प्रति आफ्नो जिम्मेवारी निभाउन सक्षम रहोस्।

धन्यवाद

**श्री पदम सिंह थापा**

**अध्यक्ष गोर्खाली सुधार सभा**

•••

# सम्पादकीय

केहि न जानेको न सुनेको कोरोनाले आफै अदृश्य रहेर हामीलाई एक हुन र एक रहन सिकायो। यो विश्वव्यपी कोविड-19, कोरोना वायरसको महामारीले निस्देह, विश्वको प्राय: सबै व्यवस्थालाई जस्तै आर्थिक, स्वस्थ, सामाजिक, शिक्षा उद्योग कृषि आदिलाई चपेटमा हाल्यो, अनि एक गम्भीर समस्याको वातावरणको पैदा हुन स्वभाविक थियो। यद्यपि, सही नेतृत्व, सही निर्देश, तथा समाजको हर क्षेत्रको सहभागिताले यस क्रुर कोरोना वायरस सित लड्न् सफल रहेका छौं। यसको निम्ति सम्पूर्ण समाजको संघर्षकारी कार्याकर्ता प्रमुख रूपमा Corona Warriors, जसमा चिकित्सा प्रणाली सित जोड़िएका सम्बन्धित महानुभाव, पुलिस, यातायात विभाग, (वाहन रेल, हवाई) समाज सित जोड़िएका अन्य संघ, संस्था, संगठन तथा समाज प्रति सदैव कृतज्ञ रहने छ। यहि क्रममा हाम्रो राज्य, जिला, तहसील, गाँव तथा निम्न क्षेत्र सम्म जोड़िएका सबै विभाग, समाज/संस्थाले अतुलनीय योगदान पुन्याएका छन। यस महामारी सित संघर्ष गर्ने, मनोबल, विश्वास अनि एकताको सन्देश देशको प्रधानमंत्री श्री नरेन्द्र दामोदर दास मोदी द्वारा प्राप्त भइ रह्यो अनि भइ रहेको छ। हाम्रो आफ्नै समाज र समुदायको बात गरौं, गोर्खाली सुधार सभा साथै अन्य संस्था, संगठन, सरकारी गैर सरकारी तथा NGO को साथ-साथ धेरै-धेरै, राहत, चाहे राशन-पानी होस, खानापीना होस्, दवाई तथा मूलभूत सुविधाहरू पुर्याउन पछि रहेनन्। महामारीको भयको परवाह नगरी कोरोना वायरस सित लड्नुको निम्ति सरकार द्वारा निर्देशित मार्गदर्शन (Guidelines) तथा प्रतिबन्धलाई ध्यान राखेर दूर-दराजमा रहेका हाम्रो समाजको जरूरतमन्द परिवारहरूलाई, शाखा अध्यक्षहरूको तालमेल अनि सहयोग सित राहत सामग्री पुर्याउन पछि रहेनौं। खाद्य सामग्री, सफाईको सामान (Hand Sanitizer, Handwash, Face Mask) इत्यादि मुख्य थियो। यो केवल एक पटकको निम्ति थिएन। सरकार बाट पाउने सुविधा समयमा पुग्न नसक्दा प्राय: जस्तो दूर-दराज क्षेत्रमा यो 'सामग्री वितरण' दुई/तीन पटक पुर्याउन सक्यौं। फेस मास्क को निम्ति स्वेच्छाले समाजको चेलीहरू सभाकै परिसरमा आएर यी मास्क तैयार गरि जनता सम्म पुर्याउन सफल रह्यौं। यसको साथ-साथै सभा र भारतीय गोर्खा परिसंघको सह प्रयासमा, समुदाय कै उदार दानकर्ताहरूको उदारताले केही कोष जम्मा गरि उत्तराखण्ड राज्य सरकारलाई 'मुख्यमंत्री राहत कोषमा 100000/- रूपियाँ तथा प्रधानमंत्री राहत कोषमा 200000/- रूपियाँ गोर्खा समुदाय, देहरादूनको तर्फ बाट वित्तीय सहायता पुन्याउन सक्यौं। यो कोष राशि, हाम्रो जनसंख्याको अनुसार सूक्ष्म नै भए पनि, कुनै पनि 'योगदान' सूक्ष्म हुंदैन, यो त एक उदारताको प्रतीक हो। जस्तै दु:ख कष्टमा र समस्यामा रहेका हरूलाई, न चिने कै भए पनि उनीहरूमा मदत पुर्याई केवल उदारता मात्र होइन सबै नै एक हौं भन्ने सन्देश दिन सक्नै, एक संकल्पी समुदायको रूपमा, एक कोमल यद्यपि अनुशासित नागरिकको रूपमा। यस महामारीले हामीलाई धेरै शिक्षा दियो अझै पनि दिँदै छ। पविार बाट नै शुरू गरयौं भने युगौं देखिको हाम्रो 'संयुक्त परिवार' (Joint Family) को सुदृढ़तालाई बुझ्न सक्यौं। एउटै कोठामा भए पनि त्यही कोठा स्नहे प्यारले महिना सम्म बिताउन एउटा उपलब्धि थियो। परिवारिक संगठन र स्नेह प्यारले, होटल, क्लब, साथी-संगिको पार्टी बिना पनि समय आनन्द, रमाइलो संग बिताउन सकिन्दो रहेछ। पड्न सके घर नै स्कूल हुन सक्दो रहेछ इत्यादि। समाजको कार्यशैलीले अरु माथि विश्वास अनि सम्मान गर्नु सिखायो। यस महामारी देखी हाम्रो सुरक्षा र अन्य आवश्यकता सामग्री निम्ति काम गर्नेहरू-डॉक्टर, पुलिस, व्यवसाय(दूध, सब्जी, राशन पनि सफाई कर्मचारीहरूको महत्व एक संगठनिक समाज अनि समुदायको रूपमा चिन्न सक्यौ, सम्मान र इज्जत दिन सिक्यौ। पर्यावरणमा स्वच्छता रहनु पर्छे भन्ने महत्व पनि कोरोनाले सिखायो। अब त अवश्यै जन जनताले यो भोगेर पाएको अनुभूतीले, भावी दिनमा पर्यावरण, सामाजिक व्यवस्था, पारिवारिक संगठन प्रति केही न केहि महत्व दिन, मानवीय बर्तावमा शालिनता, कोमलता ल्याउने छन। विश्वको निम्ति यो पनि मान्न पर्ने कटु सत्य हो की, भौगोलिक समान केवल एक रेखा हो, जसले यो मानव श्रृष्टिलाई अलग राखेका छ तर प्रकृतिले कसैलाई छुट्याउदैन, सब एक हुन्, सब बराबर छन्। कुनै पनि ताकत प्रकृतिको चपेटमा ध्वस्त हुन्छ। अनि सबैलाई एर्काका लाई मदतको आवश्यकता हुन्छ। अर्को मुख्य छ, हामी परिस्थितिको कमारो हौं। परिस्थितले कसलाई कहाँ पुर्याउंछ हामी कल्पना पनि गर्नु सक्दैनै र हामि प्रकृतिको साथ चल्नु पर्छ आफैलाई परिस्थितिको अनुसार बदलनु पर्छ। प्रकृतिको रक्षा हाम्रो हातमा छ। यस कोरोना कालमा हामी शांति रहयौं, वातावरण शांति रह्यो पशु-पक्षी, हावा, पानी सबैमा बदलाव आयो। स्वच्छ, शान्ति अनि कलह रहित, सानो भन्दा सानो देखि लिएर उच्च व्यवस्था सम्मको सम्बन्ध र तालमेलले सफलता ल्याउँदो रहेछ। यसमा कसैको दोस्रो विचार न होला। प्रधानमंत्रीको सोंच र कार्यमा दर्शित चुनौतीलाई अवसरमा बदलिएर हामी पनि यसलाई अनौठो अवसर मानी अघि बड़ौ एक विवेकशील प्राणीको रूपमा, एकत्रित प्राणीको रूपमा एक शान्तिमय वातावरणमा अनि एक स्वच्छ पवित्र र सोंच अनि विचारको साथमा।

# सभा कै परिसर बाट कोरोनाको समयमा

## लॉकडाउनको समयमा पहिलो बैठक

दिनांक 17 मार्च 2020 प्रातः 11 बजे सम्मानित अध्यक्ष श्री पदम सिंह थापाज्यूको आवाहन्मा सभाको प्रांगणमा एउटा महत्वपूर्ण बैठकको आयोजन भयो जसमा सभाको समस्त कार्यकारिणी एवं नजिक शाखाहरूको शाखा अध्यक्षज्यूहरू उपस्थित थिए। यस बैठकमा पूर्व निर्धारित एजेण्डा बिंदुहरूमा विचार विमर्श अनि निर्णय निम्न अनुसार गरियोः

**1) आगामी मासिक अंतरंग सभाको आयोजन।** विश्व स्वास्थ्य संगठन (WHO) द्वारा कोरोना वायरस कोविड-19 महामारी (Pandemic) घोषित पछि सरकार द्वारा जारी लॉकडाउन तथा अन्य निर्देशहरू जस्तै सामाजिक दूरी (Social Distancing), जन सभा या जनसमूहमा निषेध तथा अन्य सम्बन्धित प्रतिबन्धहरुको मध्य नजर, पूर्व निर्धारित 14 मार्च 2020 सभाको मासिक आयोजन सम्भव थिएन। यसर्थ आगामी अंतरंग सभा लॉकडाउनको परिणाम तथा महामारीको प्रकोपले के स्थिति ल्याँउछ त्यस माथि निर्भर गर्छ। यद्यपि, अप्रैल महिनामा सभाको आयोजनको तैयार रहुनुको निम्ति निर्देश दिनु भयो।

**2) स्थापना दिवस समारोहको आयोजन**

आगामी 17 अप्रैल 2020 मा हुने गोर्खाली सुधार सभाको गौरवमयी स्थापना दिवसको आयोजन प्रति छलफल भयो की अहिलेको स्थितिहरू लाई मध्य नजर, यदि 17 अप्रैल 2020 मा हुने गोर्खाली सुधार सभाको गौरवमयी स्थापना दिवसको भव्य आयोजन प्रति छलफल भयो कि अहिले को स्थिति हरूलाई मध्य नजर, यदि 17 अप्रैल 2020 सम्म यो महामारी प्रकोपमा कमि साथै WHO द्वारा वर्तमान प्रतिबन्धहरुमा केही ढिल भएमा सभाको स्थापना दिवसलाई निम्न स्तरमा मनाउने निर्णय लिइयोः

(क) सभागारमा प्रातः 10 बजे हवन

(ख) प्रसाद वितरण

(ग) उपस्थिति अध्यक्षज्यू, कार्यकारिणी एवं शाखा अध्यक्षहरू।

(ध) स्थापना दिवसमा वितरण गरिने छात्रवृत्ति आगामी 13 जुलाईमा आयोजित हुने "भानु जयंती समारोह" को अवसरमा वितरण गर्ने निर्णय भयो। यद्यपि, स्थितिमा सुधार आएमा स्थापना दिवसकै दिन छात्रवृत्ति वितरण गर्ने अध्यक्षज्यूको अभिप्रायलाई सर्व सम्मतिद्वारा पारितन भयो।

**3) केंद्रीय कार्यालयको दैनिक कार्य सम्बन्धमाः**-वर्तमान केन्द्र सरकार द्वारा जारी आदेश अनुसार सभा पनि 31 मार्च 2020 सम्मपूर्ण रुपमा बन्द रहने छ। यदि कोई आपातकालीन स्थितिमा शाखाध्यक्षको विशेष अनुरोधमा (जाति प्रमाणपत्र) कार्यालयको व्यवस्थापक श्री शंकर थापाले वरिष्ठ उपाध्यक्ष श्री राजन क्षेत्री एवं सचिव श्री मधुसूदन शर्माको उपस्थितिमा बनाएर जारी गर्ने निर्णय लिईयो।

4) महामंत्री श्री गोपाल क्षेत्रीले सभागारमा निर्माणधीन भवनको छानाको मरम्मतको कार्यबारे अवगत गराउनु भयो साथै सभाको अतिथि गृह (Guest House) को नवीकरण (Renovation) हेतु सबैको परामर्श लिनु भयो अनि अगामी अंतरंग सभामा यसको संपुष्टि लिने निश्चित भयो। अंतमा अध्यक्षज्यूले उपस्थितजनको आभार प्रकट गर्दै बैठक समापन गर्नु भयो।

## 82औं स्थापना दिवस

गोर्खाली सुधार सभा 82औं स्थापना दिवस दिनांक 17 अप्रैल 2020मा मनायो।यो सभा गोर्खालीहरुको सबै भन्दा पुरानो अनि शीर्ष संस्था हो। सम्पूर्ण विश्वमा कोरोना वायरस महामारीको संकटले प्रतिवर्ष जस्तै भव्य रमाईलो रूपमा स्थापना दिवस मनाउन नसके पनि सभा कै मानेकशॉ सभागारमा स्थानीय स्तरमा गोर्खाली सुधार सभाको सम्मानित अध्यक्ष श्री पदम सिंह थापाको बाहुलीबाट पूजा हवन गरि सबैको स्वास्थ्य एवं सुख शांतिको प्रार्थनाको साथ शुरू गरियो।

यस पुनित अवसरमा सभाको वरिष्ठ उपाध्यक्ष श्री राजन क्षेत्री, उपाध्यक्ष सुश्री पूजा सुब्बा, महामंत्री श्री गोपाल क्षेत्री, सम्पादक कर्नल जीवन कुमार क्षेत्री, सचिव श्री मधुसूदन शर्मा, कोषाध्यक्ष श्री दीपक भंडारी, प्रबंधक प्रभा शाह, सांस्कृतिक सचिव, कै० वाई.बी०थापा, शाखा अध्यक्ष श्री शंकर थापा, कै० नरेन्द्र गुरूंग, श्री प्रदीप कुमार क्षेत्री, श्रीमती कविता गुरूंग श्री आकाश गुरूंग उपस्थित थिए। सभा द्वारा लॉकडाउनको समयमा सभाको कर्मठ अध्यक्षज्यूको नेतृत्वमा सभाको बुद्धिजीवी शाखा अध्यक्षहरू द्वारा चिन्हित 450 भन्दा अधिक जरूरतमंद परिवार हरूलाई दैनिक भोजन हेतु लगभग 4500 KG भन्दा अधिक सूखा राशनको पैकेट राहत सामग्री, शाखा अध्यक्ष हरूको माध्यमले वितरित गरियो।

प्रधानमंत्री राहत कोष एवं मुख्यमंत्री राहत कोषको निम्ति भारतीय गोर्खा परिसंघ र सभाको सहप्रयासले संग्रहित धनराशि निम्ति दानकर्ता प्रति कृतज्ञता जनाउनु भयो अनि शीघ्र नै यस धनराशि सम्बन्धित कोषमा जमा गरिने सूचना दिनु भयो।

यस अवसरमा अध्यक्षज्यूको ओदशानुसार सभा द्वारा डबल लेयर सूती मॉस्क बनाएर वितरित गरि सबैलाई मास्क लगाउनुको अनिवार्यता प्रति जागरूकताको संदेश फैलाउने प्रयास शुरू गरियो। अध्यक्ष श्री पदम सिंह थापाज्यूको सफल नेतृत्वमा सभाको कदम निरन्तरता सित बढ़ी रहोस र सभाको दृढ़ संकल्प अनि समाज सेवाको उद्देश्यले सफलताको कदम चुमोस्।

# अध्यक्षको विनम्र निवेदन

आज सम्पूर्ण विश्व, कोविड–19 कोरोना वायरस रूपी विकट संकटको सामना गरि रहेको छ। लॉकडाउनको सबै भन्दा धेरै मार झेली रहेको गरीब गुर्बा–दिहाड़ी मजदूरी गरि आफ्नो र परिवारको भरण पोषण गर्ने हरूलाई खाना जुटाउनु बेहद कठिन तथा असम्भव थियो। यस संकटको बेलामा उहाँ हरूको सहायता हेतु गोर्खाली सुधार सभाको सम्मानित अध्यक्षज्यूको नेतृत्वमा सर्व सम्मति निश्चित भयो कि सभा द्वारा बेहद जरूरतमंद हरूलाई दैनिक भोजन हेतु राहत सामग्री वितरण गर्ने। यसर्थ गोर्खाली सुधार सभाको समस्त बुद्धिजीवी शाखा अध्यक्षहरू संग विनम्र अनुरोध छ कि उहाँको शाखा क्षेत्रमा यदि कोही जरूरतमंद परिवारहरू छन भने उन्हीहरूको लाई चिन्हित गरि, उनीहरूको विवरण केन्द्रमा शीघ्र पठाई दिनु होस। गो० सुधार सभा द्वारा संकल्पित यस राहत कार्य अभियानको महायज्ञमा आहुतिको रूपमा – अन्न, धन रूपी सामग्रीको दान दिनु हेतु हाम्रो समुदायको सबै सम्मानित संघ–संस्था हरू एवं समाजको सबै सम्मानित महानुभाव हरू संग सविनय निवेदन पनि गर्द छौ। तपाईहरुले तन–मनले दिएको यथा शक्ति अन्न–धनको अल्प सहायता पनि निसहायको पेट भर्ने जस्तो महान काम हुने छ। यस अभियानलाई सफल बनाउनु प्रति आफ्नो अमूल्य योगदान दिनु होला।

श्री पदम सिंह थापा

अध्यक्ष

गोर्खाली सुधार सभा

# केहि कल्याणकारी सहायता

विश्वव्यापी कोरोना वायरस कोविड–19 को चपेटमा विश्वको सामाजिक व्यवस्था, आर्थिक व्यवस्था, कृषि व्यवस्था शिक्षा–शिक्षण व्यवस्था चिकित्सा प्रणाली इत्यादि आउनु स्वभाविक हो। धेरै भित्र बसेर यो क्रूर वायरस कोरोना सितको संघर्ष यो अनौठो चुनौती थियो अनि यस माथि विजयी बन्नु हामी सबैको उद्देश्य, संकल्प अनि प्रण थियो। स्वभाविक थियो आर्थिक स्थिति कमजोर परिवार दैनिक रोजगार मजदूर इत्यादिले पूंजी र अनाज बिना यो कोविड–19 सित संघर्ष गर्नु सम्भव थिएन। सभाको निम्ति यो ठूलो जिम्मेवारी थियो यो गरीब, असहाय, नागरिक हरू 'भोक' को कारण मृत्यु न होस्। सभा जस्तै अन्य संघ संगठन- NGO सरकारी प्रशासन सबैको एउटै उद्देश्य थियो हर परिवारमा बुनियादी सुविधा खाद्य सामग्री दवाईपानी इत्यादिको व्यवस्था कुनै स्थितिमा पनि पुगिरहोस। देशको सुदृढ़ नेतृत्वको मार्गदर्शन अनि जन जनताको उदारतानाले, संकल्पले यस कामलाई सफल बनाउ सक्यौं। गो.सु.स. द्वारा निम्ति कल्याणर्थी निम्न प्रकार खाद्य सामग्रीको वितरण:-

1. सूखा राशन– चावल, आटा, दाल, चीनी, नून, चाय पत्ती, मसाला, तेल इत्यादि (प्राय: 450 परिवार)
2. स्वच्छता – हैंड वॉश, सैनेटाईजर, फेस मॉस्क, साबुन इत्यादि (चुनिन्दा जनता)
3. फेस मॉस्क वितरण– फेस मॉस्क आम जनता गरीब साथै संघ संस्था ,होमगार्ड, प्रशासन अनि पुलिस कर्मचारी आदि।
4. सूखा राशन सभाकै तत्वधानमा सभा समाज तथा शाखाहरूको वित्तीय मदतको कारण यो खाद्य सामग्री बाँट्न सफल रहयौं।
5. फेस मॉस्क– सभा द्वारा नै निम्ति गरि जन–जनता सम्म पुर्‍याउन सक्यौं। यो सभा प्रांगण नै समाजको कर्मठ नारी तथा राज्यका दुकानदार हरूको उदारता सराहनीय छ। जसको निम्ति निम्नलिखित महानुभव प्रति सभा कृतज्ञता प्रकट गर्छ।

<u>मास्कको तैयारी</u>– कविता गुप्ता, मोनिका गुप्ता, पूजा सुब्बा, प्रभा शाह, पूर्णिमा प्रधान, विट्टु गुरूंग, श्रीमती कला चंद, रेखा चंद, श्रीमती कावेरी शाह, श्रीमती दीपा क्षेत्री, श्रीमती किरण खत्री, श्री किशोर जी, श्रीमती शमा।

<u>मास्कको निम्ति कपड़ा:</u>– श्री जगदीश स्टोर गढ़ी कैंट, श्री अभिषेक अग्रवाल, गोविन्द गढ़, पं.लक्ष्मी दत्त पाण्डे, श्रीमती कमला थापा, हाम्रो स्वाभिमान, श्रीमती मधु खनाल, खडेलवाल क्लोथ हाउस (सौरभ खडेलवाल), श्रीमती ममता खत्री जी ले स्वयं द्वारा बनाएको मास्क 50 वटा दिनु भयो।

<u>केहि उपयोगी वस्तु सभालाई भेंट:</u>– हाम्रो समाजको कर्मठ समाजसेवी दानकर्त्ता श्री राजन बस्नेत बाट समाजलाइ एउटा सेनिटाईजिंग मशीन भेंट गर्नु हो। उनैको भनाई अनुसार गो.सु.स. एउटा सर्वोच्छ अनि श्रेष्ट संस्था हो, जहां, धेरै भन्दा धेरै आगन्तुकहरू विभिन्न काम लिएर आउंछन। यस स्थानको स्वच्छता प्रमुख रहन्छ, यो आउने आगन्तुक साथै सभामा कार्यरत (स्वेच्छा) कार्यकारिणीको सुस्वस्थताको निम्ति उनले यो मशीन दिनांक 04 मई 2020 को दिन श्री पदम थापा अध्यक्ष गो.सु.स. लाई सुम्पिनु भयो।

गोर्खाली सुधार सभा, हाम्रो, समाज, समुदाय, जिल्लाको अन्य समुदाय, समाज, NGO संघ, संगठन, पुलिस, चिकित्सा व्यवस्था, प्रशासन सरकार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्देछ साथै उनीहरूको अपार योगदानको निम्ति सराहना गर्देछ।

# मुख्यमंत्री तथा प्रधानमंत्री राहतकोषमा वित्तीय सहायता

विश्वव्यापी महामारी कोरोना वायरस-कोविड-19 को महामारीले विश्वमा हलचल ल्याएको छ। यस्तो नदेखेको, नसुनेको वैश्विक महामारी सित संघर्ष पूरा विश्वले लड़ी रहेको छ। यसको चपेटमा सामाजिक, आर्थिक स्थिति लड़खड़ाउनु स्वभाविक हो। हाम्रो देश भारत पहिलो देश हो जसले World Health Orgnaization ले यस महामारी Pandemic घोषणा गर्नु भन्दा पहिले नै यस बारे जन-जन सम्म सचेत र अवगत गराई शुरुमा नै यसको रोकथाम हेतु कदम उठाएको थियो जसको सकारात्मक परिणाम हामीले देखि रहेको छौं जसको सराहना विश्वले गरि रहेको छ। सरकारले भर सक्दो पूरा शक्तिको साथ यस क्रुर संक्रमण माथि विजयी बन्नु सामाजिक, स्वस्थ, उपचार, आर्थिक, सम्पदा सबैको ध्यान राखि अघि बड़ी रहेको छ। यस आवश्यकताको समयमा, देहरादून स्थित गोर्खाली सुधार सभा र भारतीय गोर्खा परिसंघको संयुक्त प्रयासमा, गोर्खा समुदायको उदारता सित केन्द्रीय तथा राज्य सरकारलाई (उत्तराखण्ड) वित्तीय दान स्वरूप **रु० 2,00000/-** (PM Relief Fund) अनि **रु० 1,00000/-** (CM Relief Fund) क्रममा, गोर्खा समुदाय, देहरादूनको तर्फबाट दिनांक 02 मई 20 मा माननीय मुख्य मंत्री, उत्तराखण्ड, श्री त्रिवेन्द्र सिंह रावतलाई चेकद्वारा श्री पदम सिंह थापा, अध्यक्ष, गोर्खाली सुधार सभा तथा कर्नल (रि०) जीवन कुमार छेत्री, अध्यक्ष भारतीय गोर्खा परिसंघ द्वारा उक्त भेंट गरियो। यस अवसरमा सभाका वरिष्ठ उपाध्यक्ष, श्री राजन छेत्री अनि महामंत्री श्री गोपाल सिंह छेत्री पनि उपस्थित थिए। यो राशि सूक्ष्म भए पनि देशको हितमा अवश्यै हुने छ। यस बाहेक गोर्खाली सुधार सभाले आर्थिक रुपले कमजोर वर्ग परिवारलाई खाद्य सामग्री तथा Face Mask वितरण गरि यो महामारीको समयमा आफ्नो यथा योग्य मदत पुर्याएको छ।

1. 1938 मा स्थापित, यो संस्थाले आफ्नो 82 वर्षको यात्रामा अपार र अतुल्य काम समाजको कल्याणको निम्ति गर्दै आइरहेको छ। प्रथम विश्व युद्धमा विस्थापित भएका समाजका अपंग, घायल सैनिक, विधवा तथा उनीहरूमा अनाथ बालकहरुको सहायता, समाजका गरीब गुर्बाहरुलाई आर्थिक सहायता, भाषा, संस्कार, संस्कृतिको संरक्षणको उद्देश्यले जन्मिएको यो संस्था भारत भरि र नेपाल सम्म जनप्रिय र सक्रिय थियो। यहि गति, सोंच, संकल्प, लगन अनि निःस्वार्थ सेवाभाव संग अथक अनि निरन्तरता सितअघि बडिरहेको छ, हाम्रो यो सभा। देशको हर संकटमा सभाको योगदान ऐतिहासिक छ।

2. भारतीय गोर्खा परिसंघ राष्ट्रीय सामाजिक संगठन हो। 06 अप्रैल 2001मा स्थापित यो संस्था, भारतका विभिन्न संघ-संस्था संग सम्बन्धित व्यक्तित्वहरू र विभूतिहरुको चेतनाले जन्माएको यो राष्ट्रीय संगठन हो। पारिवारिक आधार र सामूहिक नेतृत्व यसको अलंकार हो। भारतमा गोर्खा जातिका मूल समस्याहरू, ज्वलन्त मुद्दाहरु, भाषा साहित्य, संस्कार, संस्कृतिको संरक्षण, गोर्खाहरुको अस्तित्वको मांग राष्ट्रीय मुद्दा हो अनि यसको निर्णय पार्लियामेन्टमा हुनु पर्छ भन्ने दृष्टिकोण परिसंघको हो। यस्तै केन्द्रीय र क्षेत्रीय स्तरका मुद्दाहरुलाई मंच प्रदान गर्दै आई रहेको छ। वर्तमान, भारतको 24 राज्यहरुमा परिसंघ सक्रिय छ।

# 206 औं भानु जयंति समारोह

हर वर्ष, जस्तै, यस वर्ष पनि दिनांक 13 जुलाई 2020मा हाम्रो आदिकवि भानुभक्त आचार्यको जन्म जयन्ती, गो.सु.स सभा के कर्नल बी.एस. क्षेत्रीको अध्यक्षतामा आयोजन भयो। यो समारोह स्थानीय स्तरमा कोरोना वायरस कोविद 19 को प्रतिबन्धको पालन गर्दै मनायौं। नेपाललाई एक राष्ट्रको रूपमा यदि पृथ्वी नारायण शाहको तलवारको एकत्रित भयो भने, नेपालीको रूपमा अनि नेपालीको मुटुलाई भानु भक्तको कलमले एकगरेको हो। यस अवसरमा भानुभक्तको जीवनी र नेपाली भाषाको उत्थान बारे केहि जानकारी, कविता पाठ पठन (श्रीमती उमा उपाध्यक्ष, श्री गणेश क्षेत्री, सुश्री पूजा सुब्बा) गीत (कोसेली ग्रुप द्वारा प्रस्तुति गरियो। श्रीमती सावित्री हमालज्यूको भाषा र शिक्षा प्रति को वक्तव्य उत्साह र ज्ञान पूर्ण थियो। यस अवसर मा सभाको पूर्वाध्यक्ष कर्नल सी.बी. थापा जो एक भाषा प्रेमी समाजसेवी, र भाषा को जन ...ले निम्ति अखिल भारतीय नेपाली भाषा समितिको तत्वधानमा भानु पुरस्कारले सम्मानित गरियो, जसको प्रतिनिधित्व समिति कै श्री भूपेन्द्र अधिकारीज्यूले गर्नु भएको थियो। यस अवसर मा श्री पदम थापाज्यूले भानु भक्तको योगदान माथि प्रकाश डाल्नु भयो साथै उपस्थित महानुभाव हरू प्रति कृतज्ञता गर्नु भयो। सभा स्थापनाको अवसरमा वितरित गरिने छात्रवृत्ति पुरस्कार यस अवसरमा गरियो (स्थापना दिवसमा आयोजन हुन सकेन) जसको उदेश्य हाम्रो समुदायको नानीहरूलाई शिक्षा क्षेत्र में प्रोत्साहित गर्नु हो। यस उपलक्ष्य मा सभाको पदाधिकारीगण साथै समाजको दिग्गज महानुभवहरू डॉ दिलजन हमाल, डॉ. सावित्री हमाल, श्री टी.डी. भुटिया (राज्यमंत्री दर्जा), अध्यक्ष गोर्खा कल्याण परिषद उत्तराखण्ड रामसिंह थापा कर्नल सी.बी. थापा आदि उपस्थित थिए। यस अवसरमा छात्रवृति वितरण गरिएको विवरण (परिशिष्ठ, पृष्ठ संख्या 9-10)मा दिएक छ।

# केहि पंक्ति रामायण बाट

साभार: गोपाल क्षेत्री

एक दिन नारद सत्यलोक पुगिगया * लोकको गरूँ हित् भनी।
ब्रहमा ताहिं थिया पर्‍या चरणमा * खुशी गराया पनी।।
क्या सोध्छौ तिमी सोध भन्छु म * भनी मर्जी भयेथ्यो जसै।
ब्रहमाको करूणा बुझेर ऋषिले * बिन्ती गर्‍या यो तसै।।
हे ब्रहमा! जति हुन शुभाशुभ * सबै सुनि रहाँछु कछु।।
बाकिं छैन तथापि सुन्न अहिले * इच्छामा म यो गर्दछु।।
आउला जब यो कली बखतमा * प्राणी दुराचार भई।
गर्न्या छन सब पाप अनेक तरह * का निचका मतिमा गई।।
साँचो कुरा बात गरेन कोहि अरूकै * गर्नन् त निन्दा पनी।
अर्काको धन खानलाइ अभिलाष * गर्नन् असल हो भनी।।
कोहि जन त परस्त्रीमा रत हुनन् को * त हिंसा महाँ।
दैहैलाई त आत्मा जानि रहनन् * नास्तिक् पशु झैं तहाँ।।

सौजन्य: आदि कवि भानु भक्त रामायण (नेपाली)

शुभकामना सदेंश

73वां स्वतंत्रता दिवसको
शुभलक्षमा हार्दिक
मंगलमय शुभकामना
अध्यक्ष,
पदाधिकारी गण तथा
शाखाअध्यक्ष
गोर्खाली सुधार सभा

परिशिष्ठ

## Special Scholarship for year 2018-2019

| S/NO | A Group (Donated for scholarship by interest of amount) | Name of Students | Class & Board | Pass% | Amount Rs. P. | Remark |
|---|---|---|---|---|---|---|
| 1. | i) Balpa Devi | 1. Riya Joshi D/o DP Joshi, Chhiderwala | X(UK) | 89% | | |
| | ii) Bhandari | 2 Sajal S/o Hemant Pun, Raiwala | V(UK) | 72% | | |
| | iii) Birbal | 1.Shubham Rana S/o Suraj Rana Shyampur | XCBSE | 94% | | |
| | iv) Dr. Bharat Singh Gurung | | | | | |
| | v) Shanti Ghale | | | | | |
| | Sh. Amar Pramila Thapa | | | | | |
| 2. | **B Group** | | | | | |
| | Bhawani Devi Dhanu | 1.Janvi Rana D/o Vihal Rana, Clement Town | XII (CBSE) | 69% | | |
| | Smt. Sushila Gurung | 2. Yogita Rana D/o Mahendra Rana, Clement Town | VII(UK) | 64% | | |
| | Bimla Bhagwan thapa | | | | | |
| 3. | **Sr. Cizen (Shwal)** | 1. H/Capt NS Karki | | | | |
| 4. | **Out Standing Sport Person** | Vansh S/o Sunil Basnet, Chandrabani (International Football) | | | | |

क्रमश...

क्रमश...

| S/NO | Donated By | Name of Students | Class & Board | Pass% | Amount Rs. P. | Remark |
|---|---|---|---|---|---|---|
| 1. | Sh. Ganga Chetan | 1. Anuskha Thapa D/o Navin Thapa Shyampur | V CBSE | 97% | | |
| | | 2. Anusha D/o Khem Bdr Burthokia, Telpura | VIII CBSE | 89% | | |
| 2. | Major T.B. Rana | 1. Mayank Rai S/o Bal Kumar Rai, Jakhan | X CBSE | 75% | | |
| 3. | Shiv Kala | 1. Upasana Chhetri D/o C.B. Chhetri, Doiwala | BSC (Nursing) | 67% | | |
| 4. | Capt Dilip Khattri | 1. Sudhansu Thapa S/o Rajender Thapa, Chhiderwala | VI CBSE | 81% | | |
| | | 2. Shikha Burathoki D/o Sachin Burathoki, Telpura | VI CBSE | 91% | | |
| | | 3. Kritika Giri D/o Kal Bahadur Giri, Jakhan | VII CBSE | 91% | | |
| | | 4. Kalpana D/o Tek Bdr Chhetri, Barotiwala | VII CBSE | 91% | | |
| | | 5. Karan Thapa S/o Thumb Bdr Thapa, Raipur | X UK | 72% | | |
| | | 6. Sanjivani Thapa D/o Suraj Thapa, Shyampur | X CBSE | 85% | | |
| 5. | Saraswati Kailasanad | 1. Sonali Khatti D/o Janak Khattri, Bhagwanpur | IX CBSE | 77% | | |
| | | 2. Himani Thapa D/o Tula Thapa, Telpura | VII CBSE | 92% | | |
| 6. | Narayan Gurung | 1. Simran Rana D/o Prem Rana, Burathoki, Barotiwala | XI CBSE | 55%@SPI | | |
| 7. | T.B. Gurung | 1. Aanshu Thapa D/o Karamveer Thapa, Barotiwala | X CBSE | 62% | | |
| 8. | Garhi Shakha | 1. Rishita D/o Mahesh Thapa, Garhi | X ICSE | 75% | | |
| 9. | Aditya Sagar | 1. Akansha D/o Dharmveer Thapa, Barotiwala | VII CBSE | 91% | | |
| 10. | Lila Rana | 1. Kausal Sharma S/o Madhusudan, Garhi | X CBSE | 76% | | |
| 11. | Nandi Devi | 1.Shristi Thapa D/o Rajan Thapa, Garhi | X UK | 80% | | |
| | | 2. Sonali D/o Shyam Sharma, Garhi | BAII Yrs | 73% | | |
| 12 | Meena Mohan | 1. Suchita Thapa S/o Rajesh Thapa, Raipur | BSC 1 Yrs | 89% | | |

| S/NO | Donated By | Name of Students | Class & Board | Pass% | Amount Rs. P. | Remark |
|---|---|---|---|---|---|---|
| 1. | Shamsher Hamal | 1. Urvashi Bohra D/o Amit Bohra Raipur | VII CBSE | 96% | | |
| | | 2. Vaishnavi Chhetri D/o Arun Chhetri, Raipur | VII CBSE | A+ | | |
| 2. | Rameshwar Pradhan | 1. Anjum Thapa D/o Deepak Thapa, Raiwala | VII CBSE | 94% | | |
| | | 2. Sunchita Thapa D/o Man Bdr Thapa, Ramagrah | VIII CBSE | 97% | | |
| 3. | Daljan Hamal | 1. Priya Thapa D/o Deepaka Thapa, Telpura | VIII | 89% | | |
| | | 2. Suhana D/o Dhan Bdr Mall, Chhiderwala | IX | 84% | | |
| | | 3. Shanshakar Thapa S/o Subodh Thapa, Garhi- Dakra | XI | 97% | | |
| | | 4. Harsh Cheetri S/o Mahendra Chhetri Vikas Nagar | XII | 80% | | |

# केहि कल्याणार्थी कार्यक्रम



मास्कको निम्ति सुति कपडा भेंट स्वरुप



82वां स्थापना दिवस




सभाबाट मास्क बितरण पुलिस कर्मचारीहरुलाई



फेस मास्क को तैयारी

# असहाय परिवारलाई राहत सामग्री वितरण



कोरोनाको जानकारी र सावधान बारे केही सुचना अध्यक्षज्यु बाट समाजको वरिष्ट नागरिकलाइ



राहत सामग्री वितरणको निम्ति शाखध्यक्ष द्वारा



लकडाउनको समय आर्थिक रुपले कमजोर परिवार खाद्धय सामाग्री प्राप्तिको निम्ति सभा परिसर बाट



खाद्य सामाग्री र वितरण टिम दुर दराज क्षेत्रको लागि तैयार